# विदेश तालिम छनौट सम्बन्धी स्थायी आदेश -२०७५

१. **प्रस्तावना**

सशस्त्र प्रहरी बल, नेपाल स्थापना भए सँगै संगठनका सकल दर्जालाई संगठन भित्र दिईने नियमित तालिम बाहेक अन्य व्यवसायिक एवं सेवाकालीन तालिम दिने सिलसिलामा स्वदेश (देश भित्रका अन्य निकाय, संघ संस्था समेत) र विदेशमा समेत तालिम / कार्यशाला / गोष्ठी / सम्मेलन तथा भ्रमणमा सहभागी गराउँदै आएको छ । हालका दिनहरूमा विदेश तालिममा सहभागी हुने अवसरहरू बढ्दै गएको र त्यसरी प्राप्त अवसरहरुमा सहभागी हुन जाने सशस्त्र प्रहरी कर्मचारीहरूलाई पारदर्शी र निश्पक्ष रूपले सबैलाई समान अवसर दिनको लागि एक निश्चित मापदण्ड तयार गरी तालिममा सहभागी हुन जाने योग्य व्यक्तिको छनौट गर्ने उद्देश्यका साथ एक प्रभावकारी, समयसापेक्ष, पारदर्शी, व्यवस्थित एवं परिणाममुखी आदेशको आवश्यकता परेको हुँदा सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय मानवश्रोत विभाग द्वारा सशस्त्र प्रहरी नियमावली २०७२ नियम १४६ को वैदेशिक तालिममा मनोनयन सम्बन्धी व्यवस्थालाई आधार मानी **"विदेश तालिम छनौट सम्बन्धी स्थायी आदेश -२०७५"** तयार गरी जारी गरिएको छ ।

२. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो स्थायी आदेशको नाम **"विदेश तालिम छनौट सम्बन्धी स्थायी आदेश -२०७५** रहेको छ ।

(ख) यो स्थायी आदेश सशस्त्र प्रहरी महानिरीक्षकबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

३. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस स्थायी आदेशमा

(क) "ऐन" भन्नाले सशस्त्र प्रहरी ऐन, २०५८ लाई सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले सशस्त्र प्रहरी नियमावली, २०७२ लाई सम्झनु पर्दछ।

(ग) "तालिम / कार्यशाला / गोष्ठी / सम्मेलन वा भ्रमण" भन्नाले विदेश स्थित अन्य निकायमा संचालन हुने तालिम / कार्यशाला / गोष्ठी / सम्मेलन वा

भ्रमणलाई सम्झनु पर्दछ । यस शब्दले अन्य राज्यहरुमा अध्ययनको लागि सशस्त्र प्रहरी बल, नेपाललाई प्राप्त हुने अध्ययन कोटा समेतलाई जनाउदछ ।

(घ) "समिति" भन्नाले सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १४६ को उपनियम ५ बमोजिम वैदेशिक तालिम / कार्यशाला / गोष्ठी / सम्मेलन वा वैदेशिक भ्रमणमा उम्मेदवार छनौटको लागि गठित छनौट समितिलाई सम्झनु पर्दछ ।

(ङ) "बोर्ड" भन्नाले छनौट समिति समक्ष नामावली सिफारिस गर्ने मातहत ईकाईरुमा गठित बोर्डलाई सम्झनु पर्दछ ।

४. **विदेश तालिम छनौट सम्वन्धी व्यवस्था**

४.१ विशिष्ट श्रेणीका सशस्त्र प्रहरी अधिकृतको उच्च स्तरको बैदेशिक तालिम सेमिनार/कार्यशाला/गोष्ठी तथा भ्रमणमा नामावली छनौट संगठन प्रमुखबाट हुनेछ र छनौट भएको नाम नेपाल सरकार समक्ष सिफारिस भए प्रश्चात् नेपाल सरकारबाट मनोनयन भएका उम्मेदवारहरुलाई बैदेशिक तालिम / कार्यशाला / गोष्ठी / सम्मेलन वा भ्रमणमा पठाईनेछ ।

४.२ राजपत्राङ्कित प्रथम श्रेणीका सशस्त्र प्रहरी अधिकृतको बैदेशिक तालिम / कार्यशाला / गोष्ठी / सम्मेलन वा भ्रमणमा नामावली छनौट "विदेश तालिम छनौट समिती" ले **अनुसूचि-१** बमोजिमको तालिकालाई आधार मानी छनौट गर्नु पर्नेछ।

यस बुँदा अनुसार राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरुको छनौट गर्दा संगठनको विशेष आवश्यकता, नेतृत्व विकास र तालिममा चाहिने सेवा विशिष्टिकरणको आंधार खुलाई बढी अंक प्राप्त गर्ने अधिकृतको छनौट गर्न बाधा पुऱ्याएको मानिने छैन ।

४.३ विदेश तालिमको लागि नामावली छनौट गर्न सशस्त्र प्रहरी बल, नेपाल मानवश्रोत विभाग अन्तर्गत देहाय बमोजिमका पदाधिकारीहरु रहेको "विदेश तालिम छनौट समिति" गठन हुनेछ ।

(क) मानवश्रोत विभाग प्रमुख, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक -अध्यक्ष
(ख) तालिम निर्देशनालय प्रमुख, सशस्त्र प्रहरी नायव महानिरीक्षक -सदस्य
(ग) विदेश तालिम शाखा प्रमुख -सदस्य सचिव

नोट :- यस समितिमा उल्लेखित दर्जाको अध्यक्ष उपलब्ध नभएको अवस्थामा तालिम निर्देशनालय प्रमुख अध्यक्ष रहनेछ ।

४.४ बुँदा नं. ४.३ मा गठित समितिले योग्य राजपत्राङ्कित तृतीय र द्वितीय श्रेणीका अधिकृतको छनौट गर्दा **अनुसूचि -१** बमोजिमको तालिका बनाई सो को आधारमा कम अंक प्राप्त गर्ने अधिकृतहरुलाई प्राथमिकतामा राखी क्रमशः सिफारिस गर्नुपर्नेछ ।

राजपत्राङ्कित तृतीय र द्वितीय श्रेणीका अधिकृतहरुलाई तालिममा चाहिने सेवा विशिष्टिकरणको आधार खुलाई बढी अंक प्राप्त गर्ने अधिकृतको छनौट गर्न बाधा पुऱ्याएको मानिने छैन ।

४.५ जुनियर अधिकृत तथा अन्य दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरु विदेश तालिमको लगि कोटा वितरण गर्दा ५०% संख्या राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान तथा तालिम शिक्षालयहरुमा वितरण गर्नु पर्नेछ ।

४.६ जुनियर अधिकृत, बिल्लादार तथा जवानको छनौटको लागि राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान, बाहिनीहरु तथा तालिम संचालन गर्ने सम्पूर्ण ईकाइहरुले उम्मेदवारको नामावली छनौट गर्न आवश्यक बोर्ड गठन गरी उल्लेखित बमोजिमको मापदण्डलाई मनन गर्दै मातहतका ईकाइहरुमा कार्यरत कर्मचारीहरु समेतबाट नामावली संकलन गरी आवश्यकता अनुसार परीक्षा संचालन गर्दै निष्पक्ष र पारदर्शी ढंगले छनौट प्रक्रिया पुरा गर्नु पर्नेछ । बाहिनी मातहतका ईकाइहरुले (गण तथा गुल्महरु) बाहिनीमा र प्रतिष्ठान मातहतका ए. पी. एफ. कमाण्ड तथा स्टाफ कलेज र शिक्षालयहरुले प्रतिष्ठानमा नामावली सिफारीस गर्दा यसै स्थायी आदेशको बुँदा नं ५.१ मा उल्लेख भएका मापदण्डलाई पालना गर्नु पर्नेछ ।

४.७ यसरी ईकाइहरुमा बोर्ड गठन गर्दा जुनियर अधिकृत छनौटको लागि सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक / सशस्त्र प्रहरी उपरिक्षक र बिल्लादार / जवानको छनौट गर्न सशस्त्र प्रहरी उपरीक्षक वा सशस्त्र प्रहरी नायव उपरीक्षक अध्यक्ष रहने गरि बोर्ड गठन गर्नु पर्नेछ ।

४.८ सम्बन्धित ईकाइहरुमा गठित बोर्डले प्राप्त कोटा वा दर्जागत संख्या अनुसार दोब्बर संख्यामा नामावली छनौट गरि मर्यादाक्रम बनाई सशस्त्र प्रहरी

बल, नेपाल मानवश्रोत विभागको "विदेश तालिम छनौट समिति" मा सिफारिस गर्नु पर्नेछ ।

४.९ विदेश तालिमको लागि मातहतबाट सिफारिस भई आएका राजपत्र अनंकित सशस्त्र प्रहरी कर्मचारीहरुलाई विदेश तालिम छनौट समितिले अनुसूचि -२ बमोजिमको तालिकाको आधारमा कम अंक प्रास गर्ने कर्मचारीहरुलाई प्राथमिकतामा राखी योग्य उम्मेदवारको नामावली सशस्त्र प्रहरी महानिरीक्षक समक्ष सिफारीस गर्नु पर्नेछ ।

५. विदेश तालिम छनौटको मापदण्ड

५.१ बुदाँ न. ४.६ अन्तर्गत गठित जुनियर अधिकृत तथा बिल्लादार जवानहरुको विदेश तालिम छनौट समितिले छनौटको लागि नामावली सिफारिस गर्दा बुँदा नं ४.५ समेतलाई मध्यनजर गर्दै निम्न अनुसारको मापदण्डलाई अवलम्बन गरी पारदर्शी एवं निष्पक्ष रुपले प्रकृयानुसार छनौट गर्नु पर्नेछ ।

(क) जेष्ठता
(ख) शैक्षिक योगयता
(ग) तालिम
(घ) विदेश तालिमको अवसर पाए/नपाएको
(ङ) तालिम प्रशिक्षक भई कार्य गरे/नगरेको
(च) पुरस्कृत भए नभएको
(छ) कारवाहीमा परे नपरेको

(क) जेष्ठता

१. विदेश तालिममा छनौट गर्दा दर्जागत ज्येष्ठतालाई प्राथमिकता दिनु पर्नेछ ।
२. समान दर्जाको प्रतिनिधि मध्यबाट जेष्ठता मापन गर्दा भर्ना मिति/बढुवा मिति लाई गणना गर्नु पर्नेछ ।
३. विदेश तालिम छनौट समितिले विदेश तालिमका लागि उम्मेदवार छनौट गर्दा समान दर्जाको हकमा केन्द्रिय ज्येष्ठतालाई आधार मान्नु पर्नेछ ।
४. कुनै कारणबाट सेवावाट हटि पुनर्वहाली भएका सशस्त्र प्रहरी कर्मचारीको हकमा निज पुन हाजिर भएको मितिलाई आधार मान्नु पर्नेछ ।

५. साधारण समूह र प्राविधिक समूहका कर्मचारीहरुको जेष्ठता मापन छुट्टा छुट्टै गर्नु पर्नेछ ।

(ख) शैक्षिक योग्यता

१. तालिमको प्रकृति हेरी छनौट गर्नुपर्ने सशस्त्र प्रहरी कर्मचारीहरु मध्येबाट उक्त तालिमको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यतामा बढी अंक प्राप्त गरेकालाई प्राथमिकता दिनु पर्नेछ ।

अन्यथा थप उल्लेख गरिएकोमा बाहेक जुनियर अधिकृतहरुको हकमा १०+२ वा सो सरह र बिल्लादार तथा जवानको हकमा कम्तिमा SLC/SEE वा सो सरहको शैक्षिक योग्यतालाई अनुशुचि २ बमोजिमको तालिकामा अंक गणना गरिनेछ ।

२. अंग्रेजी भाषामा संचालन हुने तालिम भएमा, छनौटमा पर्ने सशस्त्र प्रहरी कर्मचारी राम्रो संग अंग्रेजी पढ्न, लेख्न र बुझ्न सक्ने भएको हुनु पर्नेछ ।

(ग) तालिम

१. सशस्त्र प्रहरी नियमावली २०७२ को अनुसूची -११ मा उल्लेख भएका व्यवसायीक तालिम अन्तर्गत दर्जागत अनिवार्य तालिम पुरा गारिसकेको लाई प्राथमिकता दिनु पर्नेछ ।
२. दर्जागत र अनिवार्य तालिम बाहेक बढी संख्यामा सेवाकालीन तालिम गरीसकेका सशस्त्र प्रहरी कर्मचारीलाई प्रथमिकता दिनु पर्नेछ ।
३. सशस्त्र प्रहरी नियमावली २०७२ को अनुसूची -११ मा उल्लेख नभएका विदेशमा लिएको कुनै पनि पन्ध्र  दिन भन्दा (१५)वढी अवधिको तालिमलाई सेवाकालीन तालिममा गणना गरिनेछ ।

(घ) विदेश तालिमको अवसर पाए/नपाएको

विदेश तालिममा छनौट गर्दा निजले अनिवार्य, सेवाकालीन वा अन्य तालिम गर्न विदेश गए नगएको रेकर्ड हेरी कुनै पनि विदेश तालिममा सहभागी हुने अवसर नपाएका एवं कम अवसर पाएका कर्मचारीलाई क्रमश: प्राथमिकतामा राख्नु पर्नेछ ।

नेपाल सरकार गृह मन्त्रालय सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हलचोक, काठमाडौं

(ङ) तालिम प्रशिक्षक भई कार्य गरे/नगरेको

सशस्त्र प्रहरी बल, नेपालको प्रशिक्षण प्रतिष्ठान तथा तालिम शिक्षालयहरुमा प्रशिक्षक भई कार्य गरी सकेका सशस्त्र प्रहरी कर्मचारीहरुलाई प्रशिक्षण अवधिको आधारमा विशेष प्राथमिकता दिनु पर्नेछ ।

(च) पुरस्कृत भए नभएको

विदेश तालिममा छनौटगर्दा रेकर्डमा जनिने गरी पुरस्कृत सशस्त्र प्रहरी कर्मचारीहरु मध्ये धेरै पटक पुरस्कृत भएको कर्मचारीलाई प्राथमिकताक्रममा राख्नु पर्नेछ ।

(छ) कारवाहीमा परे नपरेको

विदेश तालिममा छनौटगर्दा कारवाही नपरेकाहरुलाई प्राथमिकतामा राख्नु पर्नेछ ।

६. छनौट परीक्षा संचालन

६.१ सशस्त्र प्रहरी बल, नेपाल मानवश्रोत विभागले छनौट परीक्षाद्वारा प्रशिक्षार्थी मनोनयन गर्नुपर्ने तालिमको लागि सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय मानवश्रोत विभागबाट परीक्षा संचालन गरी उम्मेदवार छनौट गरिनेछ ।

यसरी छनौट गर्दा तालिमको लागि प्राप्त कोटाभन्दा दोब्बर संख्यामा अनुसूचि १/ अनुसूचि २ बाट उत्कृष्ठ सशस्त्र प्रहरी कर्मचारीहरु छनौट गरी परीक्षा संचालन गरी, उनिहरु मध्येबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने सशस्त्र प्रहरी कर्मचारीलाई उम्मेदवार छनौट गरिनेछ ।

६.२ विदेश तालिम छनौट परीक्षाको विषयबस्तु र परीक्षण विधि सशस्त्र प्रहरी बल, नेपाल तालिम निर्देशनालयले तोके बमोजिमको हुनेछ ।

६.३ शारीरिक रुपले कठिन मानिने तालिमहरु जस्तै कमाण्डो, शारीरिक तन्दुरुस्ती वा सोहि प्रकृतिका शारीरिक परिश्रम बढि गर्नुपर्ने अन्य तालिमहरुमा सशस्त्र प्रहरी कर्मचारीहरुको नामावली छनौट गर्दा अनिवार्य शारीरिक परीक्षा लिनु पर्नेछ ।

६.४ सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयमा कार्यरत राजपत्र अनंकित सशस्त्र प्रहरी कर्मचारीहरुको नामावली छनौट यसै आदेशमा उल्लेखित भए बमोजिमको प्रकियानुसार "विदेश तालिम छनौट समिती" ले गर्नेछ ।

७. **सेवा अबधि**

७.१ सेवा अबधि कम्तिमा ७ बर्ष पूरा भएको हुनु पर्ने छ । तर विदेशमा संचालन हुने आधारभूत तालिम तथा अन्य अनिबार्य तालिममा प्राप्त कोटा र प्राविधिक समूहका सशस्त्र प्रहरी कर्मचारीको लागि प्राप्त प्राविधिक तालिमका लागि सेवा अवधि लागु हुने छैन ।

७.२ बुँदा नं. ७.१ मा जेसुकै उल्लेख भएतापनि महिला सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा आयोजक राष्ट्र वा संस्थाको माग अनुसार अनिवार्य मनोनयन गर्नुपर्ने भएमा ७.१ मा उल्लेखित सेवा अवधि पुरा नभएका महिला सशस्त्र प्रहरी कर्मचारीहरुलाई विदेश तालिममा मनोनयन गर्न बाधा पुर्याएको मानिने छैन ।

७.३ UNPOL मिशन पुरा गरी फर्किएको बाह्र (१२) महिनासम्म र FPU मिशन पुरा गरी फर्किएको छ (६) महिनासम्म विदेश तालिममा छनौट गरिने छैन ।

७.४ Assessment for Mission Service (AMS) छनौट परीक्षा पास गरि प्रतिक्षारत कर्मचारीहरुलाई एक (१) महिना भन्दा बढि अवधिको विदेश तालिम र UN MISSION मा पत्राचार शुरु भई सकेको अवस्थामा विदेश तालिममा छनौट गरिने छैन । तर UN MISSION र तालिम मध्य बैदेशिक तालिम जान ईच्छुक रहेको अवस्थामा UN MISSION को लागि दावी नगर्ने लिखित प्रतिवद्धता जनाउनु पर्नेछ ।

७.५ सशस्त्र प्रहरी उपरीक्षक वा सो भन्दा मुनि दर्जाका सशस्त्र प्रहरी कर्मचारीको हकमा सेवा अवधी एक (१) बर्ष वा सो भन्दा कम मात्र बाँकी रहेको भएमा पन्ध्र (१५) दिन भन्दा बढि अवधिको बैदेशिक तालिम वा सेमिनारको लागि छनौट गरिने छैन । पन्ध्र (१५) दिन भन्दा कम अबधिको तालिम/सेमिनारमा छनौट गर्न बाधा पर्ने छैन ।

८. **थप व्यवस्था**

८.१ सामान्यतयाः छोटो अवधिको (पाँच दिन सम्मको) वैदेशिक कार्यशाला/गोष्ठि/सम्मेलन वा भ्रमणमा नामावली छनौट गर्दा सम्वन्धित सेमिनार वा भ्रमणको विषयसंग सम्वन्धित ज्ञान एवं अनुभव भएका सशस्त्र प्रहरी कर्मचारी मध्येबाट रेकर्ड हेरी निष्पक्ष रहि उत्कृष्टताको आधारमा "विदेश तालिम छनौट समितिले" छनौट गरि सिफारिस गर्न सक्नेछ ।

८.२ कुनै विशेषज्ञता हासिल गर्ने वा सेवा समूह संग मेल खाने प्रकृतिको तालिमहरु मनोनयन गर्दा Job Specification समेतलाई ध्यान दिई पर्याप्त आधारहरु देखिएमा मनोनयन गर्न बाधा पर्ने छैन।

८.३ बिशेष प्रकृतिका कार्यहरुसंग सम्बन्धित उन्नत वा विशेषज्ञ तालिम जस्तै बिपद् प्रकोप, बिशेष कार्य, सीमा सुरक्षा, ईन्टेलिजेन्स वा अन्य यस्तै प्रकृतिका तालिमका लागि प्राप्त कोटा भए सम्बन्धित समुह वा उपसमुहमा कार्यरत कर्मचारी मध्यबाट सम्बन्धित विषयमा स्वदेश वा विदेशमा आधारभूत ज्ञान हाँसिल गरीसकेका वा सो क्षेत्रमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीलाई छनौटमा बिशेष प्राथमिकता दिनु पर्नेछ ।

८.४ प्राविधिक विषयक तालिमको लागि प्राप्त विदेश तालिमको कोटा भएमा सम्बन्धित समुह वा उपसमुहमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरुबाट यस स्थायी आदेशमा उल्लेखित बमोजिमको मापदण्डलाई समेत मनन गरी उत्कृष्टताको आधारमा "विदेश तालिम छनौट समिती" ले छनौट गर्ने छ ।

८.५ सशस्त्र प्रहरी नियमावली, २०७२ बमोजिम तोकिएको दर्जागत अनिवार्य तालिममा समान अवसर प्राप्त नगरेका र विशेष कारणले तालिम सम्पन्न नगरेका बाहेक अन्य सशस्त्र प्रहरी कर्मचारीले दर्जागत अनिवार्य तालिम गरेको हुनुपर्नेछ । तर विदेशमा संचालन हुने आधारभूत तालिम, युवक अधिकृत तालिम, कमाण्डो तालिम, विल्लादार जवानको लागि प्राप्त अनिबार्य तालिमको कोटाको हकमा र प्राबिधिक समुहका सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा यो लागु हुने छैन ।

८.६ कुनै सशस्त्र प्रहरी कर्मचारी विभागीय कारवाहीमा परेको भएमा कारवाही अवधिभरको लागि कुनै पनि बैदेशिक तालिम वा सेमिनारको लागि छनौट गरिने छैन ।

८.७ तीन वा सो भन्दा बढी पटक विभागीय कारवाहीमा परेको कुनै पनि सशस्त्र प्रहरी कर्मचारीलाई बैदेशिक तालिममा वा सेमिनारमा छनौट गरिने छैन ।

८.८ शारीरिक रुपले कठिन मानिने तालिमहरु जस्तै कमाण्डो, शारीरिक तन्दुरुस्ती वा सोहि प्रकृतिका अन्य तालिमहरुमा पैतिस (३५) बर्ष उमेर नकाटेको हुनु पर्नेछ ।

८.९ छनौट समितिले प्राप्त कोटाको पच्चिस प्रतिशत (२५%) बैकल्पिक उम्मेदवार समेत छनौट गर्नुपर्नेछ ।

८.१० सशस्त्र प्रहरी कर्मचारीले विदेश तालिममा छनौट भईसके पश्चात् मनासिव कारणबिना स्वेच्छिक रुपमा नाम रद्द गरेमा कम्तिमा १ बर्ष सम्मको लागि कुनै पनि विदेश तालिममा छनौट गरिने छैन र उक्त कोटामा बैकल्पिक उम्मेदवारलाई अवसर दिईने छ ।

८.११ स्वास्थ्य परीक्षणमा उत्तिर्ण हुनु पर्नेछ ।

८.१२ तालिम प्रदान गर्ने निकायबाट माग भई आए बमोजिमको अन्य मापदण्डहरू पूरा भएको हुनु पर्ने छ ।

## ९. अन्तिम मनोनयन

विदेश तालिम छनौट समितिले यसै स्थायी आदेशमा तोकिदिए बमोजिमको सम्पुर्ण प्रक्रिया पुरा गरी योग्य उम्मेदवारको नामावली सशस्त्र प्रहरी महानिरीक्षक समक्ष सिफारिस गर्नु पर्नेछ । यसरी सिफारीस भएका उम्मेदवारहरुलाई आवश्यक प्रकृयाका लागि सशस्त्र प्रहरी नियमावली २०७२ को नियम १४६ (६) बमोजिम नेपाल सरकार, गृह मन्त्रालय समक्ष पेश गरिनेछ ।

## १०. प्रतिवेदन

१०.१ कुनै पनि बैदेशिक तालिम वा सेमिनार सम्पन्न गरी फर्केका सशस्त्र प्रहरी कर्मचारीले सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय मानवश्रोत विभाग अन्तर्गत रहेको विदेश तालिम शाखा मार्फत तालिम वा सेमिनारमा समावेश भएका विषय बस्तु, प्रशिक्षण विधि तथा त्यसको सशस्त्र प्रहरी बलमा हुन सक्ने उपयोगिता, सान्दर्भिकता तथा कार्यान्वयन समेत समावेश गरी तोके वमोजिमको ढाँचामा लिखित प्रतिवेदन पेश गर्नुपर्नेछ।

१०.२ विदेश तालिममा भाग लिई फर्केका सशस्त्र प्रहरी कर्मचारीलाई सशस्त्र प्रहरी बल,नेपाल प्रधान कार्यालय मानवश्रोत विभागले आवश्यकता अनुसार उक्त तालिमसंग सम्बन्धित काम वा प्रशिक्षणमा खटाईनेछ ।

११. व्याख्या

यस स्थायी आदेशमा उल्लेख भएका कुराहरुको थप व्याख्या तथा प्रष्टिकरण गर्ने अधिकार यस आदेश बमोजिम गठित "विदेश तालिम छनौट समित"लाई हुनेछ ।

१२. संशोधन

यस स्थायी आदेशमा रहेका प्रावधानहरुको संशोधन गर्नु पर्ने भएमा मानवश्रोत विभाग प्रमुखको सिफारिसमा संगठन प्रमुखबाट हुनेछ ।

१३. निष्कृयता तथा कानुन बमोजिम हुने

यस स्थायी आदेशमा लेखिएका कुनै कुरा प्रचलित कानूनसंग बाझिन गएमा बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछ र यसमा व्यवस्थित प्रावधानहरुको कार्यान्वयन प्रचलित कानून बमोजिम नेपाल सरकारको नीति निर्देशनको परिधिभित्र रहेर सम्बन्धित कार्यालयले गर्नु पर्नेछ।

अनुसूचि -१

(बुँदा नं.४.२ र ४.४ संग सम्बन्धित)

## प्रासाङ्क गणना तालिका (वैदेशिक अवसरको लागि)

| कोलम नं | १ | २ | ३ | ४ | ५ | | | | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | आ.ई.डि.नं. | दर्जा | नाम | उद्देश्य | राष्ट्र | | | | राजपत्राङ्कित अधिकृत भएको प्रत्येक बर्षको लागि | कम्तिमा २ बर्ष प्रतिष्ठान\ स्टाफ कलेज \शिक्षालयमा प्रशिक्षकको रुपमा कार्य गरेबापत प्रत्येक बर्षको | सशस्त्र प्रहरी बलमा संचालन हुने सेवाकालीन तालिममा सर्वप्रथम भई सोही तालिममा प्रशिक्षकको रुपमा कार्य गरेको | रेकर्डमा जनिने गरी कारवाहिमा परेको प्रत्येक पटकको लागि | रेकर्डमा जनिने गरी पुरस्कृत (मेडल बाहेक) | यूवक अधिकृत तालिम/ गुल्मपति तथा स्टाफ तालिममा प्रशिक्षक योग्य ग्रेडिङ्ग प्राप्त गरी सोही तालिममा प्रशिक्षकको रुपमा कार्य गरेको | कुल प्रासाङ्क |
| | | | | | भारत | भारत बाहेक एसियाका अन्य राष्ट्रहरु | अफ्रिका/दक्षिण अमेरिका र विश्वका अन्य राष्ट्रहरु | युरोप / अस्ट्रेलिया र उत्तर अमेरीकाका सम्पुर्ण राष्ट्रहरु | | | | | | | |
| | | | | तालिम (१५ दिनभन्दा बढी) | १ | १.५० | २.५० | ३ | -०.२५ | -०.५ | -०.५ | स.प्र.नियमावली को नियम ११० (क) को १,२ र ३ अनुसारको कारवाहीको लागि +१ अंक | -०.२५ | -०.५ | |
| | | | | तालिम (१५ दिनभन्दा कम)/ गोष्ठी/कार्यशाला /सम्मेलन | ०.७५ | १.२५ | २.२५ | २.७५ | | | | | | | |
| | | | | औपचारिक भ्रमण | ०.५० | १ | २ | २.२५ | | | | | | | |
| | | | | अन्य | ०.२५ | ०.७५ | १.७५ | २ | | | | स.प्र.नियमावली को नियम ११० (क) को १,२ र ३ बाहेक अन्य अनुसारको कारवाही +२ अंक | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

**स्पष्टिकरण:**

कोलम नं ७, ८ र ११ अनुसारको कार्य गरेबापत (-०.५) का दरले प्राप्त हुने अंक गणना गरी वैदेशिक तालिममा मनोनयन भइ विदेश तालिममा सहभागी भएपश्चात उक्त कोलमबापत प्राप्त अंक शुन्य मानिनेछ । पुनः अर्को विदेश तालिममा मनोनयन गर्नु परेमा पहिलो पटक विदेश तालिममा मनोनयन गर्दा सम्मको अवधि वापत प्राप्त अक गणना नगरी पूनः प्राप्त हुने अंक गणना गर्नुपर्नेछ ।

अनुसूचि -२

(बुँदा नं.५.१ संग सम्बन्धित)

## प्रासाङ्क गणना तालिका (वैदेशिक अवसरको लागि)

| कोलम | १ | २ | ३ | ४ | ५ | | | | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | आई.डि.नं. | दर्जा | नामथर | उद्देश्य | राष्ट्र | | | | सशस्त्र प्रहरी बल, नेपालमा सेवा गरेको प्रत्येक बर्षको लागि | तालिमको लागि आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यता | सशस्त्र प्रहरी बलमा संचालन हुने सेवाकालीन तालिममा सर्वप्रथम भई सोही तालिममा प्रशिक्षकको रुपमा कार्य गरेको | दर्जागत अनिवार्य तालिममा तालिममा प्रशिक्षक योग्य ग्रेडिङ्ग प्राप्त गरी सोही तालिममा प्रशिक्षकको रुपमा कार्य गरेको | कम्तिमा २ बर्ष प्रतिष्ठान\ \शिक्षालयमा प्रशिक्षकको रुपमा कार्य गरेबापत प्रत्येक बर्षको | रेकर्डमा जनिने गरी पुरस्कृत (मेडल बाहेक) | रेकर्डमा जनिने गरी कारबाहिमा परेको प्रत्येक पटकको लागि | कुल प्राप्ताङ्क |
| | | | | | भारत | भारत बाहेक एसियाका अन्य राष्ट्रहरु | अफ्रिका/दक्षिण अमेरिका र विश्वका अन्य राष्ट्रहरु | युरोप / अस्ट्रेलिया र उत्तर अमेरीकाका सम्पुर्ण राष्ट्रहरु | | | | | | | | |
| | | | | तालिम (१५ दिनभन्दा बढी) | १ | १.५० | २.५० | ३ | -०.२५ | विशिष्ट श्रेणी (-०.५०) | -०.५ | -०.५ | -०.५ | -०.२५ | नियमावलीको नियम ११० (क) को १,२ र ३ अनुसारको कारवाहीको लागि +१ अंक | |
| | | | | तालिम (१५ दिनभन्दा कम)/ गोष्ठी/कार्यशाला/सम्मेलन | ०.७५ | १.२५ | २.२५ | २.७५ | | प्रथम श्रेणी (-०.४०) | | | | | नियमावलीको नियम ११० (क) को १,२ र ३ बाहेक अन्य अनुसारको कारवाही +१.५ अंक | |
| | | | | औपचारिक भ्रमण | ०.५० | १ | २ | २.२५ | | द्वितीय श्रेणी (-०.३)<br>तृतीय श्रेणी (०.२) | | | | | | |
| | | | | अन्य | ०.२५ | ०.७५ | १.७५ | २ | | चतुर्थ श्रेणी वा कम(-०.१) | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

**स्पष्टिकरण:**

कोलम नं ८, ९ र १० अनुसारको कार्य गरेबापत (-०.५) का दरले प्राप्त हुने अंक गणना गरी वैदेशिक तालिममा मनोनयन भइ विदेश तालिममा सहभागी भएपश्चात उक्त कोलमबापत प्राप्त अंक शुन्य मानिनेछ । पुन: अर्को विदेश तालिममा मनोनयन गर्नु परेमा पहिलो पटक विदेश तालिममा मनोनयन गर्दा सम्मको अवधि वापत प्राप्त अक गणना नगरी पुन: प्राप्त हुने अंक गणना गर्नुपर्नेछ ।